जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१
तराई मधेशको लोकप्रिय पत्रिका
# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १५८ पृष्ठः ४ | २०८२ असोज २७ गते सोमबार (Monday 13 Oct. 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## मुसहर समुदायका विद्यार्थीहरूलाई अध्ययनमा प्रोत्साहनका लागि सम्मान

**मनिलाल विश्वकर्मा**

सिरहा, २५ असोज। आर्थिक र सामाजिक रूपले पछाडि पारिएको मुसहर समुदायका विद्यार्थीहरूलाई विभिन्न संकायको अध्ययनमा प्रोत्साहनका लागि सम्मान गरिएको छ। गरिबी, अभाव, विभिन्न सेवा सुविधाबाट वञ्चितीकरणमा पारिएका मुसहर समुदायबाट एसइई, कक्षा १२, स्नातक, स्नातकोत्तर तथा विभिन्न धारतर्फ प्राविधिक विषय उत्तीर्ण विद्यार्थीहरूलाई सम्मान गरिएको हो। मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित सवरी कुटीमा शनिबार आयोजित विशेष कार्यक्रममा सप्तरी, सिरहा, धनुषा र सर्लाही जिल्लाअन्तर्गत विभिन्न पालिकाका स्नातकोत्तर तह उत्तीर्ण पाँच, स्नातक उत्तीर्ण ११, कक्षा १२ उत्तीर्ण २३ र एसइई उत्तीर्ण गरेका दुई सय १६ जना मुसहर विद्यार्थीहरूलाई सम्मान गरिएको हो।



मुसहर समुदायका अगुवा सिराहाको नवराजपुर मझौरा गाउँका बयोवृद्ध कपलेश्वर सदा, संघका अध्यक्ष चन्देश्वर सदा, देवनारायण मण्डललगायतले विद्यार्थीहरूलाई प्रमाणपत्रसहित सम्मान गरे। 'पुस्तौंदेखि जातीय विभेद, गरिबी, अन्याय र अशिक्षाको अँध्यारोमा बाँच्न बाध्य मुसहर समुदायको उत्थानमा जुटौँ' भन्ने नारासहित नेपाल राष्ट्रिय मुसहर संघद्वारा आयोजित सम्मान कार्यक्रम ऋषिवंश एकता सेवा समाज नेपाल, सक्षम महिला, नेपाल राष्ट्रिय दिनाभद्री संघको सहयोगमा गरिएको दलित अधिकारकर्मीसमेत रहेका संघका प्रवक्ता सुनील सदाले बताए।

उनका अनुसार सम्मान कार्यक्रममा एसइई परीक्षा २०८१ उत्तीर्ण गरेकामध्ये सबैभन्दा बढी जिपिए ल्याएका एक–एकजना छात्रछात्रालाई पाँच हजार रुपैयाँका दरले नगद र प्रमाणपत्रसमेत प्रदान गरिएको छ। यो पल्ट छात्रातर्फ सबैभन्दा बढी ३.५९ जिपिए ल्याएकी सिरहाको मिर्चैया नगरपालिका ६ मट्यिर्वाकी अनामिका सदा र छात्रतर्फ ३.७० जिपिए ल्याएका धनुषाको मिथिला नगरपालिका ४ पुष्पवलपुरका कृष्णा सदालाई नगद, प्रमाणपत्रसहित सम्मान गरिएको उनले बताए।

**छात्रवृत्ति कोषबाट पढाइमा सहयोग**

विभिन्न मनकारी व्यक्ति तथा मुसहर समुदायका अगुवाहरूको आर्थिक सहयोगमा करिब १० वर्षअघि सामाजिक संस्था 'भोर' को पहलमा स्थापना गरिएको दिनाभद्री छात्रवृत्ति कोषबाट विभिन्न जिल्लाबाट एसइई उत्तीर्ण गरेर थप अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको संघले जनाएको छ।

संघका केन्द्रीय सदस्य महेन्द्र सदायका अनुसार छात्रवृत्ति कोषको सहयोगमा विभिन्न तहको अध्ययन पूरा गरेका गरेकामध्ये चारजना प्रहरीमा, ४९ जना विभिन्न गैरसरकारी संस्था तथा सामुदायिक र संस्थागत विद्यालय, उद्योग र वित्तीय संस्थामा कार्यरत रहेको भोरका पूर्वअध्यक्ष पचुलाल माझीले बताए।

गरिबीको कारणले पढ्न नसकेका १६ जना मुसहर विद्यार्थीहरूलाई वर्षेनी उच्च शिक्षा अध्ययनका लागि सहयोग गर्दै आएको मिथिला वाइल्डलाइफ ट्रस्टका अध्यक्ष देवनारायण मण्डलले जानकारी दिए। 'विद्यार्थीले आफ्नो लक्ष्य यकिन गरी

–बाँकी दुई पेजमा

## ब्राउनसुगरसहित २ जना पक्राउ

सिरहा, २६ असोज। सिरहा प्रहरीले १७ ग्रामभन्दा बढी लागु पदार्थ ब्राउन सुगरसहित दुई युवकलाई गोलबजारबाट नियन्त्रणमा लिएको छ। इलाका प्रहरी कार्यालय गोलबजार र लागु पदार्थ नियन्त्रण ब्युरो शाखा गोलबजारबाट खटिएको संयुक्त प्रहरी टोलीले वडा ६ दुर्गा मन्दिर नजीकबाट दुवै जनालाई प्लाष्टिकसहित १७ ग्राम ५४० मिली ग्राम ब्राउन सुगरसहित शनिवार बेलुका पक्राउ गरेको हो।

गोलबजारको मुख्य चौकबाट उत्तरतर्फ गईरहेको प्र २–०१–००१ प. ३०२६ नम्बरको मोटरसाईकललाई संकालागि चेकजाँच गर्दा उक्त लागु पदार्थसहित मोटरसाईकल चालक गोलबजार नगरपालिका ७ चोहर्वाका २९ वर्षिय सुनिल साह र सोही मोटरसाईकलको पछाडी सवार जिल्लाकै धनगढीमाई नगरपालिका ७ फुलकाहाकट्टी का २४ वर्षिय बिष्णुदेव यादवलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

त्यस्तैगरी, शनिवार बेलुकै इलाका प्रहरी कार्यालय माडरबाट खटिएको प्रहरी गस्ती टोलीले ६४ केजी नौं सय ग्राम गाँजासहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ। गोप्य सूचनाको आधारमा सिरहा नगरपालिका १७ पटेर्वागाउँ नजीकै धान खेतको बाटो हुँदै नेपालबाट भारततर्फ टाउकोमा बोकी लैजाँदै गरेको अवस्थामा प्रहरी गस्ती टोलीलाई देखन साथ मानिसहरु गाँजा फालेर भागेका थिए। भागेकाहरु मध्येबाट भारतका बिहार जिल्ला मधुबनी जिल्ला थाना जयनगर बेलही ग्राम ६ का ५५ वर्षिय श्रीचन मण्डललाई नियन्त्रणमा लिएको छ उनी भाग्दै गरेको अबस्थामा पक्राउ गरीएको प्रहरीले जनाएको छ प्रहरीले फरार भएका अन्य मानिसहरुको खोजतलाश कार्य गरिरहेको जनाएको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको छ।

## मतदाता नामावली बनाउन युवाहरु उत्साहित

**धर्बेन्द्र झा**

जनकपुरधाम, २६ असोज। नेपाल सरकारले आगामी फागुन २१ गतेका लागि प्रतिनिधि सभाको निर्वाचन घोषणा गरेपछि नयाँ मतदाता नामावलीमा नाम समावेश गराउन १८ वर्ष उमेर पुगेका युवाहरु उत्साहित देखिएका छन्। निर्वाचन आयोगको असोज ९ गतेको निर्णयअनुसार प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेश जनकपुरधामले नयाँ मतदाता नामावलीमा नाम दर्ता गराउने कार्यक्रम अन्तर्गत असोज १० गतेबाट फारम दर्ता गर्न सुरु गरेपछि मतदाता नामावलीमा नाम दर्ता गराउने युवाहरुको अहिले प्रत्येक दिन भिड लाग्नेगरेको छ।



प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशका कम्प्युटर ओपरेटर दिलिप दासका अनुसार प्रत्येक दिन अहिले दुई सयदेखि तीन सयसम्मको हराहारीमा युवाहरु नयाँ मतदाता नामावलीमा नाम दर्ता गराउन फारम भर्न प्रदेश निर्वाचन कार्यालय आउनेगरेको छ। उहाँले नाम दर्ताका लागि नागरिकतासहितको आवश्यक कागजातबारे कार्यालयमै सूचना टाँस गरिदिएको र नाम दर्ता गराउन आउनेहरुले अनलाईन दर्तागरी भरेको फारम कार्यालयमा बुझाउने गरेको जानकारी

–बाँकी दुई पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## खाद्य गुणस्तरमा ध्यान दिऔं ।

- सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
- मिसावट भएको खाद्य सामग्री नबेचौं र नकिनौं,
- खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं,
- म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
- खाद्यान्न भण्डारण देखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं,
- ताजा फलफूल र तरकारी खाने बानी बसाऔं, अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं, खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं,

**स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं !**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## निजी क्षेत्रलाई थप त्रसित नबनाऊ

सामान्यतः आन्दोलन वा युद्धमा जित्नेहरूले सानोतिनो उपद्रो गर्ने गरेका हुन्छन्। यस प्रवृत्तिलाई रामायणको एउटा प्रसङ्गमा रोचकढङ्गले वर्णन गरिएको छ। नेपालमा पनि यस्तो प्रवृत्ति आन्दोलनपछि देखिने गरेको पाइन्छ। यसपटक भने यो 'वानर सेना' प्रवृत्तिले सीमा नाघ्न लागेको संकेत प्रकट भएको छ। आफूलाई जेन–जी भन्नेहरूको एउटा समूहले १० प्रतिशत सेयर नदिएसम्म भोटेकोसी जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन गर्न नदिने धम्की दिएपछि आयोजना बन्द गरिएको छ। सिन्धुपाल्चोकका अरू आयोजनामा पनि यस्तै धम्की पत्र पठाइएपछि आयोजनाका सञ्चालकहरू त्रसित बनेका छन्। सरकारले सुरक्षा दिन नसकेको उनीहरूको गुनासो छ।

भाटभटेनी सुपरस्टोरका शाखाहरूलगायत देशका प्रतिष्ठित उद्योगी व्यवसायीको निजी सम्पत्तिमा जेन–जी आन्दोलनका नाममा भएको लुटपाट र तोडफोडका कारण देशका सबै उद्यमी व्यवसायीहरू यसै संत्रस्त छन्। उता गृह मन्त्रालयले सार्वजनिक तथा निजी सम्पत्तिमा लुटपाट, तोडफोड र आगजनी गर्नेहरूमाथि कारबाही नगर्न परिपत्र गरेपछि उद्यमी व्यवसायीहरूको यसै मन मरेको थियो। त्यसमाथि यसरी आयोजनाहरूमा जेन–जीकै नाममा धम्की दिएर 'दोहन' गर्न थालिएपछि देशको अर्थतन्त्र थप ऋणात्मक हुने निश्चितै छ। साथै, यस्तो अवस्था धेरै समय रहेमा वैदेशिक लगानी त सपना नै हुनेछ देशकै निजी क्षेत्रले पनि लगानी गर्ने आँट गर्नेछैन। अर्थात्, मुलुक बर्बाद गराउन अरू उपाय अपनाउनै परोइन।

यसैले सरकारले र कतै जेन–जीका नाममा आन्दोलन आह्वान गर्ने समूहका नेता पनि छन् भने तिनले मौका छोपेर यसरी दोहन गर्ने गिरोहलाई बेलैमा नियन्त्रण गर्नुपर्छ। अहिले जलविद्युत् आयोजनामा सित्तैमा सेयर खोज्नेहरूलाई नियन्त्रण गरिएन भने भोलिका दिनमा अरू उद्योग र व्यवसायमा पनि सेयर माग्न थाल्नेछन्। त्यतिबेला स्थिति नियन्त्रण गर्न नसकिने गरी भयावह हुनेछ। सम्भवतः लुटपाट, तोडफोड र आगजनी गर्नेहरूलाई 'उन्मुक्ति' दिएको अर्थ लाग्ने गरी गृह मन्त्रालयले परिपत्र नगरेको भए पछिल्ला वितण्डाहरू मच्चिने थिएनन्। यसैले अब मन्त्रिपरिषद्ले नै दण्डहीनता सह्य नहुने र निजी सम्पत्तिको पनि रक्षा गर्ने कर्तव्यबाट राज्य नचुक्ने विश्वास जनतालाई दिलाउनु पर्छ।

यसभन्दा पहिले २०६२/६३ पछि तत्कालीन विद्रोही नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को भातृ संगठन 'योङग कम्युनिस्ट लिग (वाईसीएल)' यस्तै गतिविधिमा संलग्न हुँदा तत्कालीन सरकारले नियन्त्रण गर्न हिचकिचाउँदा भएको हानि स्मरणीय छ। त्यतिबेला दण्डहीनता र अराजकताले अन्ततः वाईसीएल शब्द नै बदनाम हुन पुगेको थियो।

जेन–जी अगुवाहरूले पनि यस्ता विकृति बेलैमा नरोक्ने हो भने उनीहरू राजनीतिक दलका भातृ संगठनहरूभन्दा पनि बढी बदनाम हुनेछन्। यसले परिवर्तनप्रति नै जनतामा अविश्वास र वितृष्णा उत्पन्न गराउनेछ। यसैले पनि यस्ता दोहनलगायतका विकृतिहरू तत्काल अन्त्य गर्न जेन–जी अगुवाले सरकारलाई दबाब र सहयोग दुवै दिनुपर्छ।

# दुई अतिवादविरुद्ध नागरिकको अबको लडाइँ



पुष्प न्यौपाने

दुई अतिवादका विरुद्ध यतिबेला कठिन लडाइँ लड्नु छ। त्यो लडाइँ नागरिक बाहेक अरु कसैले लड्न सक्नेछैन। नागरिक नलडे भयानक रक्तपातको लामो चक्र पार गर्दै यस राज्यको अस्तित्व मानचित्रबाट गायब हुन बेर छैन। नागरिकले हारे मुलुक रुवाण्डाको बाटोमा हिँड्ने छ। हामीसँगको अन्तिम विकल्प हो, दुई अतिवादका विरुद्ध नागरिकले एक कठोर लोकतान्त्रिक प्रतिज्ञाका साथ लड्नैपर्ने छ र कुनै पनि मूल्यमा अतिवादसँगको लडाइँ जित्नैपर्नेछ।

सामान्य आँखाले हेर्दा राजनीतिक इतिहासमा आउने आँधीबेहरीहरु बडो गर्जनसाथ आकस्मिक र अप्रत्यासित रुपमा प्रकट हुने गर्छन्। तर तिनको पृष्ठभूमि दशकौंअघिका घटनाक्रमसँग पोखिँदै, ठोक्किँदै र हुत्तिँदै आएको हुन्छ। तिनको अलिखित स्क्रिप्ट प्रत्येक नागरिकको मनमा गढ्दै र बढ्दै गएको हुन्छ। राज्य संयन्त्रमा देखापर्ने भ्रष्टाचार,स्वेच्छाचार र अत्याचार जब बिस्तारै अनपेक्षित भल्गर हुन थाल्छ। ठिक त्यहीबेला आम नागरिकमा घृणाको स्तर पनि आफ्नो चरम सीमामा पुग्छ। समय एकैसाथ समान रेखामा प्रकट हुन्छ सत्तासीनहरु अहंकार, दम्भ र उन्मादको कलाइमेक्समा हुन्छन् भने भुईंमान्छेहरु निराशा, दिक्दारी र डरत्रासको चरण पार गर्दै शासकका विरुद्ध आक्रोशका कलाइमेक्समा हुन्छन्।

शासक अहंकारको त्यो घोडाबाट यसरी गर्जिन्छ। मानौं, उसको त्यही रवाफिलो फर्मान बिना अब पातहरु हल्लिने छैनन्। निकट समयमै हावाले शासकसँग अनुमति लिएर मात्रै चल्ने कबुलनामा गर्नुपर्नेछ। भुईंमान्छेहरु यसरी जुर्मुराउँछन्, मानौं उनीहरुको रगतले मानव जातिको इतिहासकै भयानाक प्रलय सिर्जना गर्नेछ र त्यो शासकको चिहानमा गएर रोकिनेछ। यही उत्कर्षको संघर्षले सत्ता परिवर्तनको निर्णायक ढोका खोल्छ। यस्ता संघर्षहरु अक्सर नागरिकको स्वस्फूर्त आयोजनामा हुन्छन् कहिलेकाहीं ती कुनै दर्शन, वाद वा विचारधाराको पक्षका रुपमा प्रकट हुन्छन्, त्यसको नेतृत्व तिनका नेताहरुले गर्छन्। कहिलेकाहीं ती असंगठित विद्रोहको भुल्कोका रुपमा आउने गर्छन्। नेतृत्वविहिन हुँदा त्यो तुहिने खतरा हुन्छ।

कहिलेकाहीं ती सामाजिक मनोविज्ञानका जगमा प्रायोजित खालका हुन्छन्। त्यसको डिजाइन, रणनीति, लक्ष्य र भविष्यका लागि जसले पूर्व फन्डिङ गर्छ, उसैको इशारामा त्यस्ता आन्दोलनहरुको दशा र दिशा तय हुन्छ। असंगठित, लक्ष्यविहीन र आक्रोशको उत्कर्षका रुपमा अभिव्यक्त हुने त्यस्ता आन्दोलन वा विद्रोहमा मौकामा चौका हान्न आइपुगेका केही थान टाठाबाठा र प्रायोजित मानिसहरुको हातमा जब सत्ताको बागडोर पर्छ, तिनले आफ्ना पूर्ववर्ती शासकको भन्दा लाखौं गुणा मुलुक खरानी बनाउँछन् र त्यही बाँकी खरानी उडाउने आँधी सिर्जना गर्न पनि ती कसैको गोटीका रुपमा परिचालित भइरहन्छन्।

हामी आकस्मिक र अप्रत्यासित राजनीतिक आँधीको निशानामा पर्यौं सत्य कुरा यही हो। त्यसका आयोजक र प्रायोजक को थिए ? त्यो पछि छलफल गरौंला, समीक्षा गरौंला र पाठ सिकौंला। यस पृष्ठभूमिका लागि मलिलो जमिन उपलब्ध गराउने भने हामी नै थियौं। यसमा कुनै लेकिन, किन्तु, परन्तु गर्न आवश्यक छैन। तर अब अगाडिको बाटो कसरी तय गर्ने ? कसले के भूमिका पूरा गर्ने, खासगरी नागरिकहरुको भूमिकालाई कति महत्व दिने र नागरिकहरु भूमिका खेल्न कति जागरुक हुने ? मूल विषय यही हो।

यतिबेला नागरिकले अढाई फ्रन्ट वार एकैसाथ लड्नु परेको छ। निशस्त्र, निहत्था र निमुखा नागरिकले अढाई फ्रन्ट वारको सामना गर्न तयार हुने कुरा इतिहासकै असमान्य र विरलै परिघटना हो। एउटा मोर्चामा विध्वंसकारी जत्था छ। त्यसको माग के हो ? त्यसको निशाना कता हो ? जलेर खण्डहर बनेको, ऐतिहासिक दस्तावेजविहीन, शासन प्रशासनका फर्म्याटविहीन कुरुप र अत्यासलाग्दो सिंहदरबारको भग्नावशेष कब्जा गरेर संसार जितेको भ्रममा रहेको त्यस उत्तेजित जमातलाई आफ्नो वास्तविक धरातलमा ओर्लन कति समय लाग्ने हो ? धरातलमा ओर्लनु अघि त्यसले के विध्वंस गर्ने हो र राज्यलाई खतराको कुन बिन्दुमा पुऱ्याउने हो भनेर अनुमान गर्न कठिन छ।

निर्जीव संरचना बालेर आगो ताप्दै अँध्यारो रातमा विजयको घोडा दौडाउन हौसिएको विद्रोही जमात जनताको लाइफ लाइन प्रहरी प्रशासन र अदालतमाथि धावा बोल्न गर्जियो। मुलुक जलिसकेपछि पनि त्यो शान्त छैन। आफ्नै सरकार बनाउँदा पनि त्यो सन्तुष्ट छैन। आँखा चिम्लेर प्रतिशोधको बाटो हिँड्ने धम्की बाहेक त्यसले राजनीतिक संवाद, सहमति, सहकार्य र सम्झौता पनि एउटा चरणमा पुगेपछि आवश्यक हुन्छ भन्ने कुरा बोध गर्न चाहेकै छैन। यसको निशाना भ्रष्टाचारी र त्यसको संरक्षण गर्ने दल प्रमुखहरुमाथि हो वा भ्रष्टाचारको बहानामा दलीय व्यवस्था विरुद्ध हो, अझै स्पष्ट छैन।

यो लगातार निषेधको बाटोमा छ। सिंहदरबारको धुवाँले तर्सिएको समाज र केही घण्टा आतंकित भएका दलमाथि त्यही दृश्य स्मरण गराउँदै दादागिरीकै शैलीमा शासन चलाउने आकांक्षा अब डरलाग्दो महत्वाकांक्षामा परिणत भएको छ। महत्वाकांक्षाको राजमार्गमा निर्वाध दौडन पाउने आत्ममुग्धता नै यस जमातका लागि सबैभन्दा अहितकर हो। संसारका सबै शक्तिले प्रतिरोधको सामना गर्नुपर्छ। तर मूलधारको नेतृत्वमा आइपुग्दा पनि निषेध र प्रतिशोधको सिद्धान्तलाई आफ्नो कर्म बनाउने चरित्रले कहिल्यै सही दिशा दिँदैन। पहिलो प्रतिशोध हमेसा काउन्टर प्रतिशोधको सिकार बन्छ। प्रतिशोधको श्रृंखला अनन्त हुँदैन।

एक निश्चित विन्दुमा पुगेपछि आफू विजयी भएर पनि प्रतिशोधको बाटो तय गर्ने शक्ति नकारात्मक ऊर्जाका साथ विचलन, विलय र बन्ध्याकरणमा पुगेर टुंगिन्छ। यसर्थ आम नागरिक र नागरिक समाजको एउटा फ्रन्ट लडाइँ विध्वंस र विघटनवादी शक्तिविरुद्ध आवश्यक छ। दोस्रो फ्रन्ट दलका मठाधीशहरु विरुद्ध जरुरी छ। दशकौं दशक सत्ताको रजगजमा बसेर पद प्रतिष्ठालाई मात्रै जीवनको अक्सिजन ठानेका सदाबहार सत्ताधारीहरु आफ्नो कुर्सीमा फिर्ती सवारीको भगीरथ प्रयत्नमा छन्। निर्देशित लोकतन्त्रद्वारा शासन गरिरहेका उनीहरुलाई एक मिनेट पद छोड्न मन छैन। सत्ता र शक्तिको दुरुपयोगद्वारा दलभित्र आफ्ना भक्तहरुको ठुलै जमात बनाइसकेका उनीहरुलाई पार्टी कमिटीबाट अवरोधको कल्पनासम्म छैन। भक्तहरुबाट अनुमोदन हुन उनीहरुलाई कठिन हुने कुरा पनि भएन। खासगरी मुलुकको यो क्षतिको पृष्ठभूमि हाम्रा कारणले निर्माण भएको हो हामीले यस घडीमा नैतिकता प्रदर्शन गर्दै लोकतान्त्रिक मूल्य र आफ्नो व्यक्तिगत आचरणलाई दर्शाउनुपर्छ भन्ने रत्तिभर महसुस नभएको नेतृत्वपंक्ति आफूलाई डेन्टिङ पेन्टिङ गर्दै बडो सिंगारपटारका साथ पुनर्बहालीको तर्खरमा छ।

परिस्थितिको आवश्यकता र समयको माग भन्दै आफैँले आफ्नो महत्व र महिमा गान गाउँदै आजीवन नेतृत्वमा रहिरहने मनसायमा अझै कुनै परिवर्तन देखिँदैन। जसलाई पैतालामुनिको जमिन भाँसिएर आफैं डुब्न लागेको थाहा भएन, तिनलाई फेरि महान् हस्ती भन्नुपर्ने बाध्यतामा तिनका कार्यकर्ता छन्। मानौं कि जेनजी विद्रोह असफल हुनु भनेको उनका सारा काला कर्तुतले वैधानिकता पाउनु हो। जेनजी हारे र बेबी ब्रुमर जितेको शैलीमा विजय उत्सव मनाउनुपर्ने जस्तो। यसर्थ नागरिकको दोस्रो फ्रन्टवार दलीय मठाधीश प्रवृत्ति विरुद्ध हुनुपर्छ।

ठ्याक्कै भन्दा दुई भयानक प्रवृत्ति एउटा लोकतन्त्रको आवरणमै रहेर भ्रष्ट, पदलोलुप, दम्भ, अहंकार र व्यक्तिवादको विम्ब बनेको छ त्यस प्रवृत्तिलाई नागरिकले पुनः अनुमोदन गर्न सक्ने अवस्था छैन। दोस्रो भ्रष्टाचार विरोधी आवरणमा आएको विध्वंसात्मक जत्था छ, त्यसले मुलुकको इतिहास र वर्तमान दुवै खरानीमा परिणत गऱ्यो। सार्वजनिक सम्पत्ति र निजी सम्पत्ति दुवै एकैसाथ निशाना बनाएको त्यसले उद्यमशीलता, लगानीमैत्री वातावरण, जनताको भौतिक र सामाजिक सुरक्षाको सुनिश्चितता गर्ला भन्ने आशा गर्ने ठाउँ देखिएन। लोकतान्त्रिक अभ्यासका सम्पूर्ण मञ्चहरु, राज्यको शक्ति सन्तुलन र पृथकीकरणका केन्द्रहरु ध्वस्त बनाएर सेनासँग वार्ता गर्नुपर्छ भन्नेहरु लोकतन्त्रप्रति प्रतिवद्ध हुनेछन् र तिनले उन्नत राज्य व्यवस्थाको प्रयास गर्नेछन् भन्ने कल्पनासम्म कसरी गर्नु ?

दुई अतिवाद एउटा सत्तालिप्साको अतिवाद र अर्को विध्वंसात्मक अतिवादका विरुद्धको लडाइँसँगै गाउँ र सहर सबैतिर नागरिकको जीउधनको सुरक्षामा स्वयंसेवी युनिट बनाएर प्रहरी प्रशासन, कर्मचारीतन्त्र र न्यायपालिकाको मनोबल उच्च पार्ने काम पनि नागरिक फ्रन्टबारकै एउटा सानो हिस्सा हो। त्यसकारण यतिबेला नागरिकले अढाइ फ्रन्ट वारको सामना गर्न नेपाली इतिहासकै अद्वितिइ भूमिका निर्वाह गर्नुपर्नेछ। नागरिकको यस भूमिकालाई सहयोगीका रुपमा नागरिक समाज, राजनीतिक दलका इमान्दार कार्यकर्ता र देशप्रेमी बुद्धिजीवीले साग दिनुपर्नेछ।

आफ्ना यी कार्यभारबाट नागरिक विमुख भए मुलुक अझै रावणको लंका जले झैं जल्छ। देशले महाभारतको कुरुक्षेत्रको रणसंग्रामको कथा स्मरण गर्दै आफ्नो आँखै अगाडि अस्तित्व नामेट स्वीकार गर्नुपर्ने अवस्था आउन सक्छ। त्यसैले नागरिक एकता र प्रतिवद्धता भए हामी खरानीबाट उठेर समृद्धिको सपना देखौंला, तर मुलुकलाई यतिबेला दुई अतिवादको भुंग्रोबाट बचाउनु नै हाम्रो अहम् कर्तव्य हुनुपर्छ।

### *मतदाता नामावली ...*

दिनुभयो।

प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशका कर्मचारी कृष्ण राउतका अनुसार असोज २६ गते दिउँसो २ बजेसम्ममा एक हजार तीनसय ३१ जना युवाले नयाँ मतदाता नामावलीमा फारम दर्ता गराइसकेका छन्। जसमध्ये १७१ जना अन्य जिल्लाको र बाँकीको धनुषाको रहेको उहाँले बताउनुभयो। कर्मचारी राउतका अनुसार नागरिकता प्राप्त गरेका जोकोहीले पनि अहिले फारम भर्न पाउने र निर्वाचनको मितिभन्दा एक दिन अगाडिसम्ममा १८ वर्ष पूरामा मतदान गर्न पाउने बताउनुभयो।

यता, आइतबार नयाँ मतदाता नामावलीमा नाम दर्ता गराउन प्रदेश निर्वाचन कार्यालय पुगेका जनकपुरधामका शिवम साहले १८ वर्ष उमेर पुगेपछि नयाँ मतदाता नामावलीमा नाम दर्ताका लागि आफू कार्यालय आएर फारम दर्ता गराएको भन्दै अब अगामी निर्वाचनमा पहिलो पटक मतदान गर्न पाउनेमा खुशी व्यक्त गर्नुभयो।

प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशका प्रमुख लुम्बनाथ पोखरेलले कार्यालयले अहिले प्रमुख तीनवटा कार्यलाई प्राथमिकतासाथ अघि बढाइरहेको जानकारी दिनुभयो। उहाँले नयाँ मतदाता नामावलीमा नाम दर्ता, मतदाता नामावलीमा केही त्रुटि भएमा त्यसलाई सच्याउने र एक ठाउँबाट अर्को ठाउँमा मतदाता नामावली सार्न चाहेमा सराइको काम गरी तीन कामलाई प्राथमिकतासाथ निर्वाचन कार्यालयले अघि बढाएको बताउनुभयो। उहाँले मधेश प्रदेशमा व्यवस्थित र शान्तिपूर्ण रुपमा अहिले नयाँ मतदाता नामावलीमा नाम दर्ता गराउने काम भइरहेको बताउनुभयो।

### *मुसहर समुदायका...*

अनुशासित र कडा मिहिनेतसहित अध्ययन गरी आफू, परिवार र समुदायका लागि आदर्श बन्न सकिन्छ,' उनले भने, 'सम्मानित विद्यार्थीहरूले त्यसलाई अर्जुनदृष्टि बनाउनुपर्छ।' कार्यक्रममा संघका उपाध्यक्ष शिवा सदा, महासचिव रामस्वरूप सदा, बहादुर सदा, सिया सदा, सन्तोषकुमार सदा, तेजनारायण सदा, ऋषिवंश एकता सेवा समाजकी प्रमिला सदा, रामदयाल सदा, सक्षम महिलाकी अलिसका सदा, विजयकुमार सदालगायतको उपस्थिति थियो।

राष्ट्रिय जगणना २०७८ अनुसार देशको सातवटै प्रदेशमा छरिएर बसोबास गरिरहेका मुसहर समुदायको जनसंख्या दुई लाख ६४ हजार नौ सय ७४ मध्ये मधेश प्रदेशमै एक लाख ७९ हजार एक सय ५३ जनसंख्या छ। नेपालमा पाँच वर्ष र सोभन्दा माथि मुसहर समुदायको साक्षरता प्रतिशत ३५.८ र सबैभन्दा बढी जनसंख्या रहेको मधेशमा ३०.४ प्रतिशत साक्षरता रहेको जनगणना प्रतिवेदनमा औँल्याइएको छ।

# कर्जन्हा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कर्जन्हा, सिरहा

मधेश प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको हाटबजार/मेला ठेक्का सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०६/२६**

कर्जन्हा नगरपालिकाको आ.व.२०८२/०८३ देखि २०८३/०८४ को कार्तिक १५ गतेसम्मको आन्तरिक आय संकलन गर्न तपसिल बमोजिम ठेक्का बन्दोबस्त गर्न लागिएकाले ईच्छुक व्यक्ति, फर्म, कम्पनीबाट देहाय बमोजिमको शर्तको अधिनमा रही शिलबन्दी दरभाउपत्र दखिला गर्न यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरू**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको विहान ११:०० बजे भित्र रुरु १०/– को टिकट टाँसी पस कार्यालयको राजश्व शाखाबाट रु १०००/– (अक्षरेपी रु एक हजार) को रमिद लिई पछि फिर्ता नहुने गरी यस कार्यालयको प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको सोही दिन दिउँसो १:०० बजे सम्म दरभाउपत्र खामबन्दी गरी खाम बाहिर दरभाउपत्र दाताको नाम हाट बजार/मेलाको नाम प्रष्ट खुलाई यस कार्यालयमा छुट्टा छुटै दर्ता गरी सक्नु पर्नेछ र दर्ता गराउँदा शिलबन्दी निवेदनसगै यस कार्यालयको नाममा रहेको माछापुच्छ्रे बैंक कर्जन्हा शाखाको ०८०००८८३३६०००११ स्थानीय तह धरौटी खाता ग–३ मा आफूले कबोल गरेको रकमको नेपाली भए ५ प्रतिशत तथा विदेशी भए १० प्रतिशतले हुन आउने रकम जम्मा गरेको सक्कल भौचर अनिवार्य पेश गर्नु पर्नेछ।

३. दर्ता भएका शिलबन्दी दरभाउहरु सि.न.२ मा उल्लेखित भएको दिनको ३:०० बजे सम्बन्धित कार्यालय तथा कोटेशन दाता वा निजको प्रतिनिधिको उपस्थितमा खोलिनेछ तर प्रतिनिधि उपस्थित नभए पनि खोल्न बाधा पर्ने छैन।

४. कोटेशन खरिद गर्ने, दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदा पछि कार्यालय खुल्ने सोही समयमा हुनेछ।

५. नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकामा पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन। कुनै कारणवश त्यस्ता व्यक्ति, फर्म वा कम्पनीहरुको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का बदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।

६. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै सूचनामा केही कुरा थपघट गर्नु पर्ने भएमा थपघट गर्नुपर्ने कुरा कार्यालयले सूचना पाटिमा टाँस गरी जानकारी गराइनेछ साथै सूचना सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

७ प्रत्येक हाटबजार/मेलाको कोटेशन छुटाछुटै दिनुपर्नेछ।

८ नगरपालिकाले प्रमाणित गरे बाहेकको रसिद प्रयोग गर्न पाईने छैन।

९. ठेकेदारे शुल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर ठेगाना खुलेको नामावली न.पा. कार्यालयमा पेश गर्नु पर्नेछ।

१० ठेक्का सम्बन्धि कुनै समस्या आइपरेमा वा यसमा उल्लेख भएका कुराहरुमा मोही बमोजिम र यसमा उल्लेख भएका कुराहरुको हकमा सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारबाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा न.पा. ले समाधान गर्नेछ र सोही समाधान अन्तिम पनि हुनेछ।

११. प्राप्त बोलपत्रहरु कुनै पनि कारणले जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृतल गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२ यसमा उल्लेखित बाहेक अन्य कुनाह प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काको अन्य शर्तहरु सम्झौताका बखत निर्धारित हुनेछन्।

१३ स्वीकृत ठेक्का रकममा नियमानुसार लाग्ने कर नगरपालिकाले सोही रकमबाट बुझाउनेछ। बोलपत्र सम्बन्धी केही कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१४ हाट बजार। मेलाबाट उठाउँन सेवा शुल्क (बटी) बारे कार्यालयमा सम्पर्क राखी बुइन सकिनेछ। यस कार्यालयले आर्थिक ऐन मा तोकी दिएको भन्दा बढी सेवा शुल्क (बटी) लिन पाइनेछैन।

**आ.व.२०८२/०८३ देखि २०८३/०८४ को कार्तिक १५ गतेसम्म**

| क्र.सं. | ठेक्का नं. | हाट बजार/मेलाको नाम | स्थान | न्यूनतम बोल कबोल रकम रु. (VAT रकम सहित) | समय अवधि |
|---|---|---|---|---|---|
| १ | ०१/२०८२/०८३– राजश्व | मरेवा बजार | कर्जन्हा न.पा.–७, सिरहा | १ लाख | १ वर्ष |
| २ | ०२/२०८२/०८३– राजश्व | कर्जन्हा हाटबजार | कर्जन्हा न.पा.–११, सिरहा | ५ लाख | १ वर्ष |
| ३ | ०२/२०८२/०८३– राजश्व | कमला उत्तरवाहिनी बोलबम र कार्तिक पूर्णिमा मेला | कर्जन्हा न.पा.–१, सिरहा | १ लाख ५० हजार | १ वर्ष |

**–प्रमुख प्रशासकीय अधिकृत**

नजिकिँदै दीपावली :

# दियो बेचेर उज्यालो पार्ने काममा ग्रामीण महिला



**धीरेन्द्रप्रसाद साह**

राजविराज, २६ असोज। हिन्दु धर्मावलम्बीहरुको दोस्रो महान् पर्व दीपावली नजिकिँदै गर्दा राजविराज बजारमा उत्सवको चहलपहल सुरु भइसकेको छ। नगरका गल्ली, चौक र पसलहरूमा देखिने माटोका दियो, सुगन्धित बत्ती र रङ्गोलीहरूको बिचमा कतिपयको नजर टेकरी बोकेर हिँड्ने ग्रामीण महिलाहरू देख्छन्। सप्तरीको लालापट्टी गाउँका महिलाहरू, जसले आफ्ना हातले बनेका माटोका दियो लिएर राजविराज सहर उज्यालो पार्ने काम गर्दै आएका छन्। राजविराजदेखि दस किलोमिटर टाढाबाट यी महिलाहरू बिहान सबेरै गाउँबाट हिँड्छन्। टाउकोमा ढाकी (टेकरी) बोकेर, जसमा पाँच सयदेखि एक हजारसम्म माटोका दियो हुन्छन्। उनीहरू राजविराजका गल्लीहरूमा पुग्छन्। स्थानीयले उनीहरूलाई घरैमा बोलाएर वा सडकमा नै रोकेर दियो किन्छन्।

"दियो सयकडामा एक सयदेखि पाँच सय रुपियाँसम्म बिक्री गर्छौं। बेच्दा केही नाफा रहन्छ, त्यसैबाट घरको गर्जो टारिन्छ," लालापट्टीकी प्रमिला देवीले भन्नुभयो। उहाँकी साथी बुधनी देवी थप्दै भन्नुहुन्छ, "दीपावलीको बेला यो हाम्रो मुख्य आम्दानीको स्रोत हो। पसिना बगाएर कमाएको पैसाले घरमा खाना र नातिनातिनाको खर्च चलाउँछौं। "दीपावलीमा सबैको घर बल्छ, हामीले बनाएको दियोले त्यो सम्भव हुन्छ भन्नेमा गर्व लाग्छ।"

फोटोमा देखिएझैं, यी महिलाहरू परम्परागत पोशाकमा, रङ्गीचङ्गी सारी र ओढनी लगाएर, सडक किनारमा बसेर दियो छाँट्ने र बाँध्ने काममा व्यस्त देखिन्छन्। उनीहरूको अनुहारमा थकान देखिए पनि, आफ्नो श्रमले अरूको घर उज्यालो पार्ने गर्व झल्किन्छ।

दीपावली नजिकिँदै गर्दा बजारमा आधुनिक बिजुलीका लाइट र डिजाइनर मैनबत्तीको भरमार भए पनि, माटोको दियोप्रतिको मोह नघटेको गृहणी रन्जना गिरीले बताउनुभयो। घर, आँगन, बाटोघाटो, पसल, कौसी लगायतको स्थानमा तिहारभरि माटोको दियो बाल्ने गरेको उहाँले एक घरपरिवारले कम्तिमा एक/दुई दियो किन्ने गरेको बताउनुभयो। स्थानीय उपभोक्ताहरूमा माटोको दियोले घरमा शुभता, शुद्धता र आत्मिक उज्यालो ल्याउँछ भन्ने अझै पनि विश्वास रहेको उहाँले भन्नुभयो।

दीपावलीका दिन घरघरमा बालिने दियोहरूले केवल अँध्यारो भगाउँदैनन्, यी ग्रामीण महिलाहरूको संघर्ष र श्रमलाई पनि उज्यालो पार्ने गर्दछ, नागरिक समाजका अध्यक्ष थानसिंह भन्सालीको कथन छ। सप्तरीको लालापट्टी गाउँबाहेक पथरगाडा, कोइलाडी बर्साइन, पातोलगायत ग्रामीण भेगका दर्जनौं महिलाहरु ढाकीमा दियो बोकेर नगरका घरघर चहारेका भेटिन्छन्। दियो बेचेर भएको आम्दानीबाट नै उहँहरुको घरमा दीपावली (तिहार) को उज्यालो आउने आशा र भरोसा छ।

# KALYANPUR MUNICIPALITY

OFFICE OF THE MUNICIPAL EXECUTIVE

KALYANPUR, SIRAHA

PROVINCE MADHESH, NEPAL

## Invitation for Sealed Quotation

**First Publication Date: 2082/06/27**

1. **Kalyanpur Municipality** Office of Municipal Executive, Kalyanpur, Siraha invites sealed quotations from registered Suppliers for the supply and delivery of the following goods:
2. **A Complete set of Bidding Documents can be Purchase from Kalyanpur Municipality siraha.**

| S.N. | Contract ID. | Description of works | Bid Security amount (Nrs.) | Cost of bidding documents (Nrs.) | Estimated Amount(Nrs Excluding Vat) | Last Date Of Bid purchase | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | KM-04-GOODS/SQ/ 082/83 | Shakhaharuko lagi Laptop/ Computer/Scaneer/Printer Kharid Karya | 44220.00 | 1,000.00 | 1768500.00 | 2082/07/12 at 12:00 Hrs) | 2082/07/12 at 12:00 Hrs) | 2082/07/12 at 13:00Hrs) |
| 2 | KM-01-WORKS/SQ/ 082/83 | Nagarbharima Raheko Pokhari Marmat Karya | 38650.00 | 1,000.00 | 1545132.00 | 2082/07/12 at 12:00 Hrs) | 2082/07/12 at 12:00 Hrs) | 2082/07/12 at 13:00Hrs) |
| 3 | KM-02-WORKS/SQ/ 082/83 | Adhuro Wadakaryalay Bhawan Nirman ward no 1 | 42950.00 | 1,000.00 | 1716800.00 | 2082/07/12 at 12:00 Hrs) | 2082/07/12 at 12:00 Hrs) | 2082/07/12 at 13:00Hrs) |

a. **Information to deposit the cost of bidding document in Bank:**
   - i. **Name of the Bank: MACHHAPUCHCHHRE BANK LTD..**
   - ii. **Name of Office: KALYANPUR MUNICIPALITY, SIRAHA**
   - iii. **Name of Account :- RAJASHWA KHATA**
   - iv. **Rajaswa ( revenue ) Account No :- 0810110818400076**

b. **Information to deposit the Bid Security in Bank:**
   - i. **Name of the Bank: MACHHAPUCHCHHRE BANK LTD..**
   - ii. **Name of Office: KALYANPUR MUNICIPALITY, SIRAHA**
   - iii. **Name of Account :- DHARAUTI KHATA**
   - iv. **Account no.: 0810110818500042**

3.The Employer reserves the right to accept or reject any bid, and to annual the process and reject all bids at any time prior to contract award.

**Chief administrative officers**

# लाहाको चुराको माग बढ्दै, तर कारीगर घट्दै



**लक्ष्मी चौधरी**

जनकपुरधाम, २६ असोज। मिथिलाको परम्परा, सौन्दर्य र सौभाग्यसँग जोडिएको लाहाको चुराको माग बढ्दो क्रममा छ, तर यसलाई बनाउने कारीगर भने घट्दै गएका छन्। मिथिला क्षेत्रका महिलाहरू चाडपर्व, पूजापाठ तथा सांस्कृतिक कार्यक्रममा अनिवार्य रूपमा लगाउने लाहाको चुरा विशेषगरी सुहागन महिलाको सौभाग्यको प्रतीकका रूपमा मानिन्छ। यस्ता चुरा विगतमा मुस्लिम समुदायका घरघरमै बनाइन्थे, तर अहिले ती घरधन्दा निकै कम बचेका छन् ।

जनकपुरधाम उपमहा नगरपालिका–८ का मोहम्मद जाकिर मियाँका परिवार पुस्तौंदेखि लाहाको चुरा बनाउने काम गर्दै आएको थियो। तर अहिले त्यो परम्परागत पेशा लगभग लोपोन्मुख अवस्थामा पुगेको छ। मियाँ भन्नुहुँछ, “पहिला मेरो बाबु, हजुरबुवा र घरका सबैले लाहाका चुरा बनाउने गर्थे, तर अहिले सबैले छोडेका छन्। अहिले मेरी श्रीमती मात्र बनाउँछिन्, म भने रिक्सा चलाउँछु।”

जाकिरका अनुसार पहिले यो काममा पुरुष र महिलाले सँगसँगै हातेमालो गर्थे, तर अहिले पुरुषहरू अन्य पेशामा लागेको कारण थोरबहुत महिलाहरू मात्र यो काममा टिकेका छन्। “लाहाको चुरा बनाउन कोइलाको रापमा बस्नुपर्छ, गर्मी र धुलोको कारण धेरैले यो पेशा छोडेका छन्,” मियाँ बताउनुहुन्छ।

हाल उहाँका घरमा बनेका चुरा स्थानीय एउटा पसललाई मात्र ठेक्कामा पुग्ने गरेका छन्। माग बढ्दो भए पनि नयाँ पुस्ता यो पेशातर्फ आकर्षित नभएकाले परम्परागत सीप हराउने जोखिम बढेको देखिन्छ।

जनकपुरधामकी मोकीमा खातुनले भने १४ वर्षदेखि लाहाको चुरा बनाउँदै आउनुभएको छ। उहाँले बनाएका चुरा स्थानीय बजारमै बेचिन्छन्। “महिनामा १५ देखि २० हजार रुपियाँ कमाइ हुन्छ,” खातुनले भन्नुभयो। उहाँको टोलमा अहिले उहाँ मात्र चुरा बनाउनुहुन्छ। “पहिले अधिकांश घरमा चुरा बनाइन्थ्यो, तर अहिले मेहनत बढी र आम्दानी थोरै भएकाले सबैले छोड्दै गएका छन्,” उहाँ बताउनुहुन्छ।

उहाँका अनुसार घरमै बसेर काम गरेर आम्दानी गर्न सकिने र परम्परा नटुटोस् भन्ने सोचका साथ चुरा बनाउने काम निरन्तर राख्नुभएको हो। कारीगर घट्दै गएपछि अहिले स्थानीय बजारमा लाहाका चुराको आपूर्ति कम भएको छ। जनकपुरधामका लाहा चुरा व्यापारी नुतन कर्णले पहिले स्थानीयस्तरमै कारिगरबाट चुरा किन्ने गरेको बताउनुभयो। “अहिले यहाँ उत्पादन थोरै र महँगो भएकाले हामी भारतबाट चुरा ल्याउँछौं,” कर्णले भन्नुभयो।

यस्तै, अर्का व्यापारी दीपक दासले पनि स्थानीय उत्पादनले मात्र नभ्याउने हुँदा भारतीय बजारबाट लाहाका चुरा ल्याएर बेच्ने गरेको बताउनुभयो। माग बद्दो भए पनि नयाँ पुस्ता यो सीपमा आकर्षित नभएकाले परम्परागत कला हराउने खतरा बढ्दै गएको स्थानीय व्यापारी र कारीगर दुवैको भनाइ छ। मिथिला क्षेत्रका महिलाहरूले जतिसुकै महँगो तथा आकर्षक चुराहरू बजारमा आए पनि मिथिला संस्कृतिमा लाहाको चुरा अनिवार्य रूपमा आवश्यक ठानिन्छ।

# महोत्तरीको ९ वटा पालिकामा मात्रै २ हजार हेक्टर धानबाली नष्ट

जलेश्वर, २६ असोज। गत आइतबार र सोमबार जिल्लाको रातो नदीको तटबन्ध भत्किएर आएको भीषण बाढीले नौ पालिकामा मात्रै करिब दुई हजार हेक्टरमा लगाइएको धानबाली नष्ट भएको छ। कृषि ज्ञान केन्द्रका प्रमुख देवानन्द यादवका अनुसार जिल्लाका १५ पालिकामध्ये अहिलेसम्म नौ पालिकाबाट मात्रै प्राप्त विवरणअनुसार बाढीले करिब दुई हजार हेक्टर जमिनमा लगाइएको धानबाली डुबाएर नष्ट भएको छ।

उनका अनुसार अहिलेसम्म प्राप्त भएको विवरणअनुसार जिल्लाको महोत्तरी गाउँपालिकामा सबैभन्दा बढी ६०० हेक्टर, बलवा नगरपालिकामा ५०० हेक्टर, मटिहानी नगरपालिकामा ३०० हेक्टर, एकडारा गाउँपालिकामा ३०० हेक्टर, लोहारपट्टी नगरपालिकामा १०० हेक्टर, भङ्गाहा नगरपालिकामा ८६ हेक्टर, औरही नगरपालिकामा २३ हेक्टर, गौशाला नगरपालिकामा २० हेक्टर र सोनमा गाउँपालिकामा १० हेक्टर गरी एक हजार ९३९ हेक्टर जग्गामा लगाइएको धानबाली नष्ट भएको छ ।

त्यसैगरी, ती पालिका बाढीले गर्दा नै एक हजार २९० हेक्टर उखुबाली, ६३६ हेक्टर तरकारी बाली र १५३ हेक्टर जग्गामा लगाइएको दलहन बाली नष्ट भएको कृषि ज्ञान केन्द्रले जनाएको छ। उखुबालीमा सबैभन्दा बढी सोनमा गाउँपालिकामा ८७५ हेक्टर र तरकारी बालीमा सबैभन्दा बढी मटिहानी नगरपालिकामा १०० हेक्टर क्षति भएको जनाइएको छ। रातो नदीको तटबन्ध भत्किएर जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिका नै प्रभावित हुनेगरी जिल्लामा भीषण बाढी आएको थियो। त्यसले कृषि क्षेत्रमा ठूलो क्षति पुर्याएको छ। कृषि ज्ञान केन्द्रले बाढीबाट कृषि क्षेत्रमा भएको क्षतिको विवरण प्रत्येक पालिकाबाट माग गरेकामा अहिलेसम्म नौ पालिकाले मात्रै क्षति विवरण उपलब्ध गराएको छ।

# जनमत पार्टी औपचारिक रुपमै फुट्यो, नयाँ दलका लागि आयोगमा निवेदन

काठमाडौं, २६ असोज। जनमत पार्टीबाट अलग भएकाहरूले नयाँ दल दर्ता प्रक्रिया अगाडि बढाएका छन्। दीपक साहको नेतृत्वमा जनस्वराज पार्टी दर्ताका लागि आज निर्वाचन आयोगमा निवेदन दिइएको छ। सीके राउत नेतृत्वको जनमतमा साह उपाध्यक्ष थिए। साह नेतृत्वको नयाँ पार्टीमा जनमत पार्टीका १५ जना कार्यकारिणी समिति सदस्य लागेको बताइएको छ।



‘५२ जना कार्यकारिणी रहेको जनमतबाट १५ जना अलग भएर नयाँ राजनीतिक पार्टी दर्ता प्रक्रिया अगाडि बढाइएको छ,’ एक नेताले भने, ‘आज निवेदन दिएका छौं। बाँकी प्रक्रियामा भइरहेको छ।’

नयाँ पार्टीमा ई.सुरेन्द्र नारायण यादव, हेमलता रजक, शम्भुनाथ साह लगायत लागेका छन्। जनमत पार्टीका अध्यक्ष राउतले नेताहरुलाई अनेक आरोप लगाएर पार्टीबाट स्पष्टिकरण सोध्ने र निकाला गर्ने गर्दै आएका थिए। निलम्बन र बर्खास्तमा परेकाहरु संगठित भएर नयाँ दल खोलेका हुन्।


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२।०६।२७**

श्री झौवाई खोल्सी चुरियाडाँडा सामुदायिक वन उपभोक्ता समूह, लहान–१५, सिराहाको वनबाट उत्पादन भई लहान–१५, वानो घाटगद्दीमा विभिन्न लट बनाई राखिएको खयर र सिसौं जातको ८१९.३८ घ.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औ दिन भित्र प्रत्येक लटको छुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री झौवाई खोल्सी चुरियाडाँडा सामुदायिक वन उपभोक्ता समूह,**
लहान–१५. सिराहा











मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट :** मार्गानुगामी दैनिक **कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)